## के मेरो एक अपराधिक रेकर्ड हुनेछ ?

तपाई को अपराधिक रेकर्ड तब बन्छ जब तपाई अपराधीक गतिबिधिमा गल्ती साबित हुनु हुन्छ। त्यस्तो भएता पनि, कुनै सजाँयहरु त्यस्ता हुन्छन जसले अपराधिक रेकर्ड बनाउदैन। तपाईले यस बिषयमा आफनो वकिल संग कुरा गर्नु पर्छ।

तपाईको क्षेत्रीय र नगर स्तरीय कसुरहरुको लागी अपराधिक रेकर्ड बनाईदैन। जस्तै, तिव्र गतीमा गाडी चलाएको टिकटको।

## के अपराधिक रेकर्ड ले मेरो उतप्रवासी अवस्था लाई असर पार्दछ ?

तपाईको अवस्था लाई असर पार्न सक्छ , अझ खास गरी तपाईले गम्भीर अपराध गरेको पाइएमा। हरेक अवस्था फरक हुन सक्छ। तपाईले आफ्नो अवस्था बारे आफ्नो वकिल बाट कानूनी सल्लाह लिनु पर्दछ र उ अथवा उनी संग यदि तँपाइले उत्प्रवास वकिल संग कुरा गर्न पर्छ कि भनेर सोध्नुस्।

## ट्राफिक टिकटहरु को जरिवानाहरु के के हुन्छ ?

तपाईले ट्राफिक गल्तीको लागी जरीवाना तिर्नु पर्ने हुन्छ , जस्तै पार्किङ्ग उल्लंघन। अरु बढी गल्तीको लागी सवारी साधन नियमावली अनुरुप, तपाईको डाइभिङ्ग रिकर्डमा तपाईले प्वाइन्टस् नी पाउन सक्नु हुन्छ। प्राय जस्तो, प्वाइन्टस् तपाईको डाइभिङ्ग रिकर्डमा ट्राफिक गल्तीको तपाई लाई सजाँय तोकिएको दिन बाट दुई वर्ष सम्म रहन सक्दछ। अरु कुनै गल्तीको लागी, तपाईको डाइभिङ्ग लाइसेन्स् माथी रोक लगाइन्छ अथवा ६ महिनाको लागी लिन सकिन्छ। नयाँ डाइभरहरुको लागी जरीवानाहरु अझ कठोर हुन्छ। सबै किसिमको रोक लगाउन सकिने गल्तीहरुको लिष्टको लागी, सरभिस् नोभा स्कोसीया– सवारी साधनहरु रजीस्ट्री को लिकं, यो पम्प्लेटको अन्तमा हेनुहोस।

डाइभिङ्ग लाइसेन्स् हुनु सुबिधा हो। तपाईले यो सुबिधा गुमाउन सक्नु हुन्छ यदि तपाई जिम्मेवार र सुरक्षित डाइभर बन्नु भएन भने।

टीकटहरु लाई बेवास्ता गर्नु हुदैन। तपाईले न्यायालय जाने निर्णय पनि लिन सक्नु हुन्छ यदि तपाई लाई जरीवाना चित्त बुझेन भने, किनकि कानून उल्लधंन भएको छैन भनी तपाई लाई लाग्न सक्छ।

## मैले निशुल्क कानुनी सेवा कसरी पाउन सक्छु ?

नोभास्कोसीया संग एक लिगल ऐड योजना छ जसले अपराधिक गतिविधिको कांवाही को कारणले प्रहरी हिरासतमा अथवा ठूनामा परेका मानिसहरु जस्ले पैसा तिरी एक वकिल राख्न सक्दैन लाई निशुल्क कानूनी सेवा पुर्याउँदछ। लिगल ऐड चाँहि कुनै पारीवारीक कानूनको मुद्दाहरु र कुनै गरीबी कानूनको मुद्दाहरुको लागी पनी हो। लिगल ऐड को योग्य हुनको लागी, तपाईले इनकम एसिसटेन्स पाएको हुनु पर्दछ वा धेरै कम अम्दानी भएको हुनु पर्दछ। तपाईले नजीकको नोभा स्कोसीया लिगल ऐडको मा फोन गरेर वा गएर निवेदन दिन सक्नु हुन्छ।

लिगल ऐड लाई तपाईले यि जानकारी दिनु पर्ने हुन्छ :

- तलवको अधकट्टी र तपाईको पछिल्लो इनकम टेक्स रिटर्न अथवा नोटीस् अफ एसेसमेन्ट
- न्यायालयको कागजपत्रहरु, कानुन लागेको कागजातहरु र तपाईको मुद्दा सम्वन्धी न्यायालय को आदेशहरु
- परिचय को प्रमाणहरु , जस्तै तपाईको हेल्थ कार्ड अथवा डाइभर लाइसेन्स्

## अपराध पिडित लाई त्यहाँ कस्तो किसिमको मद्दत छ ?

अपराध पिडित लाई मद्दत गर्न त्यहाँ धेरै एजेन्सीहरु छ , भर पर्छ तपाई नोभो स्कोसीयाको कुन ठाउँमा हुनु हुन्छ र अपराधको किसिममा। सुरुवात को लागी राम्रो ठाउँ भनेको भिक्टीम सर्भिसेस् प्रोग्राम अफ द नोभो स्कोसीया डिपार्टमेन्ट् अफ जस्टीस् हो। त्यसका चारवटा क्षेत्रीय अफीसहरु छन्। यिनीहरुले सुचना तथा मद्दत दिन्छ पिडितहरु, उनीहरुको दम्पतीहरु र नातेदारहरु लाई अदालतको प्रकिया बारेमा, अदालत लाई दिन को लागी सबुतहरु जुताउनमा, र अरु एजेन्सीहरु सुझाउनुमा जसले तपाई लाई मद्दत पुर्याउँछ। वेब साइट : http://gov.ns.ca/just/victim_Services/programs.asp

## अरु जानकारीको लागी :

शुरु गर्नुस एल आई यस् एन यस् को अनलाइन कानूनी जानकारी बाट, तपाईले धेरै कानूनी प्रश्नहरु को उत्तरहरु पाउनु हुनेछ : www.legalinfo.org

निशुल्क कानूनी जानकारीको लागि फोन गर्नुस, हाम्रो कानूनी जानकारी लाईनमा १-८०० -६६५-९७७९ अथवा ४५५-३१३५

के तपाई लाई वकिलको जरुरत छ ? एक वकिलको सिफारीस लागी हाम्रो वकिल सिफारीस सेवामा फोन गर्नुहोस १-८०० -६६५-९७७९ अथवा ४५५-३१३५। तपाईले डलर २० जोड् एछ यस टी तिरी वकिल संग ३० मिनेट भेटने प्लान बनाउन सक्नु हुन्छ। यसले तपाईको प्रमुख प्रश्नहरुको उत्तरहरु दिनेछ। यदि तपाई प्रहरी हिरासतमा वा अपराध संम्वन्धि न्यायालयमा हुनु हुन्छ भने तपाईले निशुल्क दोभासे सेवा पाउनु हुनेछ।

यदि तपाईले खालि रेकर्ड गरेको कुनै कानूनी विषयमा जानकारी सुन्न चाहानु हुन्छ भने फोन गर्नुहोस डाइल-अ-ल मा ४२०-१८८८

यहाँ केही निशुल्क कानूनी सेवा अफीसहरुको सुची छ : www.nslegalaid.ca/contact.php

प्रहरी अथवा आर सि एम पी को शिकायत आयुक्त को अफीस छ जस्ले शिकायत हेर्दछ।

पुलीस कम्प्लेन कमिस्नरस् अफिस
फोन : (९०२)४२४ ३२४६
इमेल : polcom@gov.ns.ca

कमिसन फर पब्लीक कम्प्लेन्ट् एगेन्स्ट द आर सि एम पी
इमेल : org@cpc-cpp.gc.ca

क्यानाडाको जुन ठाँउबाट पनी निशुल्क लामो दुरसंचारको लागी : १ ८०० ६६५ ६८७८
http://www.cpc-cpp.gc.ca/index-eng.aspx

सरभिस् नोभा स्कोसीया– सवारी साधनहरु रजीस्ट्री को लिकं : http://www.gov.ns.ca/snsmr/rmv/

*यदी तपाई संग कानूनी समस्या भएमा, तपाईले एक वकिल संग कुरा गर्नु पर्दछ।*

*यो पम्प्लेटले तपाई लाई साधारण कानूनी जानकारी दिन्छ, यसले कानूनी परामर्श दिदैन।*


LEGAL Information SOCIETY OF NOVA SCOTIA

5523 B Young Street
Halifax, Nova Scotia
Canada B3K 1Z7



NOVA SCOTIA

नोभा स्कोसिया प्रोभिन्स को सहयोगमा

मार्च २०१२




नवआगन्तुकहरुले के जान्न जरुरी छ

# अपराध कानून

यो पम्प्लेटले त्यो कानूनहरु को उल्लेख गर्दछ, जसले जनताको सुरक्षा तथा ब्यक्तीगत उन्नती बाधक कार्यहरुमा रोक लगाउछ।


LEGAL Information SOCIETY OF NOVA SCOTIA

अपराध सम्वन्धि कानूनको उद्धेश्य  भनेको  क्यानाडामा बस्ने सवै जना लाई डर, क्षती अथवा उनिहरुको सुरक्षा अथवा उन्नती लाई खतरा पुऱ्याउने  कार्यकलापहरु बाट रक्षा गर्नु हो । यस्ता कामहरु लाई अपराध अथवा कूकर्म भन्दछ । अपराध सम्वन्धि कानूनहरुले यस्तो अपराधहरु को सजाय तोक्दछ । क्यानाडामा अपराध सम्वन्धि कानूनहरु संघिय सरकार ले बनाउछ । क्षेत्रीय तथा नगरीय सरकारहरु ले पनि कानून बनाएको हुन्छ मानिसहरु को सुरक्षा र उन्नती को रक्षा गर्न । तीव्र गतीमा गाडी चलाउन रोक, उमेर नपुगेका लाई रक्सी खान रोक, नचाईदो हल्लाको  रोक सम्वन्धि नियम कानून आदि क्षेत्रीय तथा नगरीय कानूनहरु का उदाहरणहरु हुन ।  यिनीहरु कुनै अपराधिक गतिबिधिहरु नभए पनि कानून तोडे वापत जरिवानाहरु तिराउने गर्दछ , जस्तै पैसाको जरिवाना अथवा गाडी चलाउने अनुमती खारिजी ।

## प्रहरी को काम के हो ?

अपराधीक न्याय प्रणलीमा प्रहरीहरु को महत्वपूर्ण भुमिका हुन्छ ।  उनिहरुले अपराध हुन वाट बचाउँछ ;

सुरक्षित समाजहरु बनाउन मदत पुऱ्याउँछ ; कानून को पालना गराउँछ ; अपराधहरुको अनुसन्धान गर्छ ; प्रमाण जम्मा गर्छ ; प्रमाण जम्मा भएको अवस्थामा अपराध गर्ने व्यक्तीलाई आरोपहरु लगाउँदछ ; र अपराध पिडितहरु लाई मद्दत गर्दछ । प्रहरीहरुले क्षेत्रीय तथा नगरीय कानूनहरु, जस्तै  ट्राफिक, वढी आवाज, मादक पदार्थ सेवन नियम कानूनहरु को कार्यान्वयन गर्दछ । प्रहरीहरु उच्च तालिम प्राप्त र  उच्च व्यवसाहिक स्तर पालना गर्ने हुनु पर्दछ । उनिहरुले  सबैलाई वरोवर राम्रो व्यवहार गर्ने हुनु पर्दछ । यदि तपाई लाई  प्रहरीले राम्रो व्यवहार  नगरेको अनुभव भएमा तपाइले उजुरी दिन सक्नु हुन्छ ।

## के हुन्छ जब प्रहरी बोलाईछ ?

प्रहरीहरुले साक्षीहरु संग कुरा गर्न सक्छ , लिखित बयान लिन सक्छ र प्रमाण  जुटाउन अपराध भएको ठाँउमा जान सक्दछ । कति समय प्रहरीले अपराधमा बिताउछ घटनाको गम्भिरतामा भर पर्दछ । उदाहरणको लागि : अपराधहरु  जहाँ हातपात तथा हतियारको प्रयोग भई कोही घाइते भएमा, अथवा बच्चालाई नोक्सानी भएमा प्रहरीहरुले वढी समय लिन्छ अरु अपराधहरु को भन्दा, जस्तै एक साईकल चोरीमा ।

## के मैल प्रहरीको सवालको जवाफ दिनु पर्छ ?

तपाईले प्रहरीको कुनै प्रश्नहरुको जवाफ दिन आवश्यक पर्दैन तर तपाईले कस्तो  निर्णय लिने परिस्थीतीमा भर पर्दछ । यदि तपाई अपराधको वारेमा जानकारी दिने ब्यक्ति भएमा, अथवा यदि उनिहरुले तपाई लाई टिकट जारी गर्न चाहेमा, अथवा तपाई लाई अदालतमा पुग्न सुचना जारी गरेमा  तपाईले अफनो नाम र ठेगाना दिनु पर्दछ । तपाईले प्रहरी लाई मद्दत गर्न पर्छ भन्ने जरुरी नभएता पनी  यदि प्रहरीको अनुरोध व्यवहारीक  भएमा तपाईले मद्दत गर्न सक्नु हुन्छ ।

यदि तपाई लाई संकालु ब्यवहार गरेमा तपाईले एक मौखिक तथा लिखित जानकारी प्रहरी लाई दिनु अगाडि पहिला एक वकिल संग कुरा गर्नु पर्दछ ।

## के हुन्छ यदी प्रहरीले मलाइ अपराधी को सन्देह गरेमा ?

प्रहरीले तपाई लाई उनिहरु संग प्रहरी चौकीमा हिड्न भन्न सक्छ । प्रहरीले नसमाए सम्म तपाई लाई जान आवश्यक छैन । यि मध्ये कुनै एक कारणहरुले प्रहरीले तपाई लाई समाउन सक्छ :

- उनीहरु संग वारन्ट भएमा । वारन्ट भनेको अदालतको एक कागज हो जसमा प्रहरी लाई तपाई समाउने अनुमति हुन्छ।
- तपाईले कानून तोडेको छ, तोड्दै हुनु हुन्छ , अथवा तोडेने वाला हुनु हुन्छ भनेर उनिहरुले विश्वास गरेमा ।

## के हुन्छ यदि मलाई समातेमा ?

यदि तपाई लाई समातेमा, तपाई लाई प्रहरी चौकीमा लान सक्दछ र आरोप लगाउन सक्दछ, नसीहत दिन सक्दछ, अथवा २४ घण्टा भित्र तपाई लाई छोड्न सक्दछ । तपाई लाई अदालतमा आउनको लागि सुचना पनि दिन सक्दछ । यदि प्रहरीले तपाई लाई २४ घण्टा भन्दा बढि राख्न परेमा, प्रहरीले तपाई लाई न्यायाधिशको सामु लग्नु पर्दछ, जसले अदालतले मिति नदिए सम्म तपाई लाई छोड्ने की प्रहरी हिरासतमा राख्ने भनी निर्णय गर्नेछ ।

प्रहरीका केहि नियमहरु छन् जुन उनिहरुले पालना गर्न पर्दछ जव उनिहरुले कसैलाई समाउँछ । प्रहरी ले तपाई लाई भन्नेछ तिनिहरु को भनेर र परिचय पत्र देखाउँनेछ । तिनीहरुले तपाई लाई भन्नु पर्छ :

- तपाई लाई समातेको छ र तपाई लाई किन समातेको छ ;
- तपाई लाई एक वकिल संग कुरा गर्ने अधिकार छ र तपाई लाई वकिल संग कुरा गर्ने समय दिन पर्दछ ;
- तपाईले निशुल्क कानुनी सल्लाह पाउन सक्नु हुन्छ र तपाई लाई कुरा गर्न नम्वर दिनेछ ; र
- तपाईले केही भन्नु पर्ने छैन तर तपाई ले भनेको कुरा अदालतमा प्रमाणको रुपमा पेस गर्न सकिन्छ ।

प्रहरीले एक वकिल लाई फोन गर्न अनुमति दिनै पर्छ । तपाई लाई  कानूनी अधिकार छ एक वकिल संग कुरा गर्ने र तपाईले प्रहरीको प्रश्नहरु को जवाफ दिनु अगाडी अथवा मौखिक तथा लिखित विवरण दिनु अगाडि त्यो अधिकार प्रयोग गर्नु पर्दछ । यदि तपाईले कुनै वकिल चिन्नु हुन्न भने प्रहरीले तपाई लाई काममा भएको  सल्लाहकार को फोन नं. दिनेछ । नोभा स्कोसीयामा समातेको ब्यक्तिहरुको लागी हप्ताको २४ घण्टा, हप्ताको ७ दिन काम मा भएको एक सल्लाहकार वकील निशुल्क पाउनु हुनेछ ।

## के मैले एक दोभाषे पाउन सक्छु ?

पाउनु हुन्छ , यदि तपाई लाई दोभाषे को मद्दत चाहेमा, प्रहरीले एक जना उपलब्ध गराउनु पर्दछ ।

## के हुन्छ यदि मेरो वच्चा समातीएमा ?

तपाईको बच्चा समातीएमा प्रहरीले तपाई लाई जानकारी दिनु पर्ने हुन्छ । प्रहरीले तपाईको बच्चा लाई उ अथवा उनीको अधिकारहरु को वारेमा भन्नु पर्ने हुन्छ र वच्चाले तिनिहरु राम्ररी बुझेको छ भन्ने नश्चित हुनु पर्नेछ । उनिहरु ले बच्चा लाई एक वकिल र एक अभिभावक अथवा वयस्क साथी लाई फोन गर्न अनुमति दिनु पर्ने हुन्छ । प्रहरीले उ अथवा उनी लाई प्रश्नहरु सोधी रहँदा बच्चा ले वकिल र अभिभावक अथवा वयस्क साथी साथमा राख्न पाँउने छ । बच्चाले प्रहरीको प्रश्नहरु को जवाफ दिनै पर्छ भन्ने छैन तर यदि उ अथवा उनीले दिएमा यस लाई “वयान दिएको” मान्ने छ । यदि बच्चा १२ वर्ष मुनिको भएमा, प्रहरीले वच्चा लाई समाउँदैन तर उनीहरुले बच्चा लाई तपाईको घरमा ल्याउने छ, अथवा तपाई लाई प्रहरी चौकीमा बच्चा लिन बोलाउने छ । तिनिहरुले तपाई लाई संम्पर्क गर्न नसकेमा अथवा तपाई को बच्चा लाई तपाईले नोक्सान हुन वाट वचाउँन सक्दैन भन्ने परेमा, उनीहरुले बच्चाहरु को सुरक्षा सेवाहरुको मा सम्पर्क गर्न सक्दछ ।

## मेरो बच्चा अदालतमा जानु पर्छ ?

पर्दैन, तपाईको बच्चा अदालत जान आवश्यक छैन । जव १२ देखि १७ वर्ष उमेरको नव वयस्क संग ब्यवहार गर्दा प्रहरील :

- थप कारवाही नगर्ने निर्णय लिन सक्दछ ;
- मौखिक चेतावनी दिनेछ ;
- अधिकारीक रुपमा सचेत गराउँदछ - यो त्यस्तो पत्र हो जसले समस्या पर बस्न सचेत गर्दछ ;
- नव वयस्कहरु लाई न्यायीक प्रत्यर्पण  जस्तो कार्यक्रममा पठाउँदछ ;
- नव वयस्कहरु लाई अपराधिक आरोप लगाउँदछ ।

१२ वर्ष भन्दा मुनीको वच्चाहरु लाई एक अपराधिक आरोप लगाउन पाउँदैन ।

## प्रत्यर्पण न्याय भनेको के हो ?

प्रत्यर्पण न्याय एक प्रक्रीया हो जसले जोखिमपुर्ण वयस्कहरु लाई उनिहरुको कार्यकलाप प्रती दोषी ठहराउछ , र उनिहरुले पिडित् र समाज लाई पुर्याएको क्षती सुधार्न जिम्मेवार बनाउछ । मुख्यतय, दोषीले पिडित तथा समाजको सदस्यहरु आमने सामने बसेर सुधार गर्दछ । दोषी लाई एक सुरक्षित वातावरणमा उ अथवा उनीको कार्यकलापहरु को गम्भीर जिम्मेवार ठहराइन्छ , र उत्तरदायी हुन जोड गरिन्छ । उ अथवा उनी लाई पिडित तथा समाजको क्षती कसरी सुधार्न शुरु गर्ने  भन्ने विषयमा सक्रीय भूमिका दिइन्छ । दोषीले उ अथवा उनीको कार्यकलापले साँचिकै मान्छे लाई सहि अर्थमा कती पिडा दिन्छ भनी उसैको अगाडि सुनाइन्छ । उ अथवा उनीले समस्या समाधान को लागी सहयोग माग्न सक्छ जसको कारणले त्यो गल्ती भएको छ । प्राय जवान दोषी लाई प्रहरीले वा आर सी एम पीले अपराधिक कानून लगाउनु भन्दा पहिला प्रत्यर्पण न्याय प्रक्रीयाको लागी सिफारिस गर्दछ । प्रत्यर्पण कानून को वढी जानकारी तथा नोभास्कोसीया को प्रत्यर्पण कानूनी संस्थाहरु को सुची थाहा पाउन, हेर्नुस
www.gov.ns.ca/just/rj/programs.asp

## कसले निर्णय दिन्छ यदि म अपराध को दोषी छु भने ?

मुद्धामा बहस भए पछी अथवा तपाईले दोष स्वीकारे पछी, एक न्यायाधिशले तपाई दोषी हो वा होइन भनेर निर्णय गर्दछ । यदी प्रहरीले तपाई लाई अपराध को आरोप लगाएमा, तपाई लाई अदालतमा जान एक मिती दिनेछ । तपाई अदालत जानु अघी तपाईले कानुनी सल्लाह लीनु पर्दछ । अदालतले दोष ठहराएको अवस्थामा  वा दोष स्वीकारेको अवस्थामा के कस्तो सँजाए हुन्छ भनेर वकिलले तपाई लाई भन्न सक्दछ ।

यदी तपाईले एक वकिलको पारश्रमिक तिर्न सक्नु हुन्न भने, तपाई लिगल ऐड को लागी योग्य हुन सक्नु हुन्छ । अदालत जानु अगाडी तपाईले लिगल ऐड लाई सम्पर्क गर्नु पर्छ ।

यदी तपाईको पहिलो अदालत जान तोकीएको मिति भित्रमा वकिल संग कुरा गर्न सक्नु भएन भने, तपाईले न्यायधिश लाई भन्न सक्नु हुन्छ, र उ अथवा उनी लाई भनी वकिल संग भेट्न को लागी समय दिन अनुरोध गर्न सक्नु हुन्छ ।

यदी तपाई लाई अदालतमा एक दोभाषे को मद्दत चाहेमा वकिल लाई भन्नुस, अथवा तपाई संग वकिल नभएमा अदालतमा जाँदा न्यायधिश लाई भनुस् ।